# दोस्रो थोक मूल्य सर्वेक्षण प्रतिवेदन

**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

दोस्रो थोक मूल्य सर्वेक्षण आयोजना

२०७५ असोज

# मन्तव्य

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरे बमोजिम मुलुकको समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता कायम गर्ने नेपाल राष्ट्र बैंकको प्रमुख उद्देश्य रहेको छ । उक्त उद्देश्य हासिल गर्नका लागि यस बैंकले तर्जुमा गर्ने मौद्रिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु तथ्यमा आधारित हुनुका साथै समयानुकूल परिष्कृत हुँदै जानुपर्ने हुन्छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परिवेश अनुरुप अर्थतन्त्रका विभिन्न परिसूचकहरु गणना गर्ने विधिमा समेत समयसापेक्ष रुपमा परिमार्जन गर्न आवश्यक हुन्छ । यस पृष्ठभूमिमा नेपाल राष्ट्र बैंकले तर्जुमा गरी नियमित रुपमा प्रकाशन गर्दै आएको विभिन्न मूल्य सूचकाङ्कहरु (उपभोक्ता मूल्य सूचकाङ्क, थोक मूल्य सूचकाङ्क, तलब तथा ज्यालादर सूचकाङ्क र आयात-निर्यात सूचकाङ्क) लाई समयसापेक्ष रुपमा परिमार्जन गर्ने क्रममा दोस्रो थोक मूल्य सर्वेक्षण सम्पन्न गरी यो प्रतिवेदन सार्वजनिक गर्न पाउँदा मलाई खुसी लागेको छ ।

यसअघि आधार वर्ष २०५६/५७ अनुसार तर्जुमा एवम् प्रकाशन गरिंदै आएको थोक मूल्य सूचकाङ्कलाई आवश्यकता एवम् अन्तर्राष्ट्रिय प्रचलन समेतका आधारमा वस्तु डालो (Basket), भार (Weight) एवम् औद्योगिक वर्गीकरण (Industrial Classification) मा परिमार्जन गरी नयाँ स्वरुपमा ल्याइएको छ । सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा आर्थिक वर्ष २०७४/७५ लाई नयाँ आधार वर्ष कायम गरी गणना गरिने परिमार्जित सूचकाङ्कले थोक स्तरमा हुने मूल्य परिवर्तनको समग्र स्थिति प्रतिनिधित्व गर्ने विश्वास गरिएको छ । यसबाट नीति निर्माता, योजनाविद्, शोधकर्ता एवम् सम्पूर्ण सरोकारवालाहरु लाभान्वित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, दोस्रो थोक मूल्य सर्वेक्षण समितिका पूर्व संयोजक तथा यस बैंकका तत्कालीन डेपुटी गभर्नर श्री गोपाल प्रसाद काफ्ले एवम् हालका संयोजक डेपुटी गभर्नर श्री चिन्तामणि शिवाकोटी, सदस्यहरु क्रमशः कार्यकारी निर्देशक श्री नरबहादुर थापा (नेपाल राष्ट्र बैंक), प्रा.डा. अजय विक्रम स्थापित, प्रा.डा. शंकर प्रसाद खनाल (त्रिभुवन विश्वविद्यालय, तथ्याङ्कशास्त्र केन्द्रीय विभाग), श्री गणेश प्रसाद आचार्य (केन्द्रीय तथ्याङ्क विभाग), श्री उदयबहादुर बोहरा (नेपाल उद्योग वाणिज्य महासंघ) लगायत समितिका सम्पूर्ण पदाधिकारीहरुले सर्वेक्षण कार्य सम्पन्न गर्न खेलेको भूमिकाको सराहना गर्न चाहन्छु । त्यसैगरी, सूचकाङ्क निर्माण कार्यमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने उद्योगी, व्यापारी लगायत सम्पूर्ण थोक मूल्य प्रदायक महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**डा. चिरंजीबि नेपाल**
**गभर्नर**

**डेपुटी गभर्नर**

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
काठमाडौं ।

२०७५/०६/०७

श्रीमान् गभर्नरज्यू
नेपाल राष्ट्र बैंक ।

विषय :- **दोस्रो थोक मूल्य सर्वेक्षण सम्बन्धी प्रतिवेदन ।**

महोदय,

नेपाल राष्ट्र बैंकको दोस्रो रणनीतिक योजनामा व्यवस्था भएबमोजिम दोस्रो थोक मूल्य सर्वेक्षण कार्य सम्पन्न गरी परिवर्तित वस्तु डालो भार एवम् वर्गीकरण सहितको सर्वेक्षण प्रतिवेदन श्रीमान् समक्ष पेश गरेको छु ।

सर्वेक्षण कार्यमा सहयोग पुऱ्याउनु हुने दोस्रो थोक मूल्य सर्वेक्षण समिति तथा प्राविधिक उप-समितिका सदस्यहरु लगायत सर्वेक्षण कार्यमा संलग्न कर्मचारीहरुलाई विशेष धन्यबाद दिंदै समितिको संयोजकको रुपमा कार्य गर्ने अवसर प्रदान गर्नु भएकोमा श्रीमान्प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

(चिन्तामणि शिवाकोटी)
डेपुटी गभर्नर
तथा
संयोजक
दोस्रो थोक मूल्य सर्वेक्षण समिति

# प्राक्कथन

मूल्य स्थिरता केन्द्रीय बैंकको प्रमुख उद्देश्य रहेको सन्दर्भमा नीतिगत सुधारसँगै मूल्य तथ्याङ्क संकलन, प्रशोधन एवम् सूचकाङ्क गणना गर्ने विधि एवम् वस्तु डालो तथा तिनीहरुको भार लगायतका विषयहरु समयसापेक्ष रुपमा अद्यावधिक गर्दै जानुपर्ने हुन्छ । यसै क्रममा नेपाल राष्ट्र बैंकबाट हरेक महिना सार्वजनिक हुँदै आएको राष्ट्रिय थोक मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्नको लागि नेपाली बजारमा कारोबार हुने प्रतिनिधिमूलक वस्तुहरुको थोक मूल्य विवरण संकलन गरी सोको आधारमा परिमार्जित भार सहितको वस्तु डालो तयार गर्ने उद्देश्यका साथ दोस्रो थोक मूल्य सर्वेक्षण कार्य सम्पन्न भई यो प्रतिवेदन सार्वजनिक गरिएको छ ।

नेपाल राष्ट्र बैंकले यसअघि आर्थिक वर्ष २०५६/५७ लाई आधार वर्ष मानी २० जिल्लाबाट कुल ७१ वस्तुहरुलाई कृषिजन्य, औद्योगिक र आयातीत वस्तुहरुमा वर्गीकरण गरी थोक मूल्य सूचकाङ्क प्रकाशन गर्दै आएको थियो । समयक्रमसँगै उपभोग प्रवृति, वस्तुहरुको उपलब्धता एवम् सूचकाङ्क निर्माण विधिमा आएको परिर्वतन समेतलाई दृष्टिगत गरी आर्थिक वर्ष २०७४/७५ लाई आधार वर्षको रुपमा लिई नयाँ थोक मूल्य सूचकाङ्क निर्माण गर्ने कार्य प्रारम्भ गरिएको छ । नयाँ थोक मूल्य सूचकाङ्क तर्जुमा गर्दा संयुक्त राष्ट्र संघले आर्थिक गतिविधि अनुसार वस्तु तथा सेवाहरुलाई वर्गीकरण गर्न प्रतिपादन गरेको International Standard Industrial Classification-ISIC (Revision 4) बमोजिम वृहत आर्थिक वर्गीकरण (Broad Economic Classification) अनुसार उपभोग्य वस्तु (Consumable Goods), कच्चा पदार्थ (Intermediate Goods) र पूँजीगत वस्तु (Capital Goods) अनुरुप वर्गीकरण गरिएको छ ।

दोस्रो थोक मूल्य सूचकाङ्क निर्माण गर्न देशभरका २४ बजार केन्द्रबाट २६२ वस्तुहरुको मूल्य संकलन गरी तिनीहरुलाई प्राथमिक वस्तु, ईन्धन तथा उर्जा र उत्पादनमूलक गरी तीन समूहमा वर्गीकरण गरिएको छ । वस्तु डालोमा ७५ प्राथमिक वस्तु, ७ इन्धन तथा उर्जा र १८० उत्पादनमूलक वस्तुहरु समावेश गरी सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा प्राथमिक वस्तुको ३३.५९ प्रतिशत, ईन्धन तथा उर्जाको ८.७६ प्रतिशत र उत्पादनमूलक वस्तुहरुको ५७.६५ प्रतिशत भार निर्धारण गरिएको छ ।

परिवर्तित वस्तु डालो, भार तथा सो अनुरुप गणना हुने नयाँ थोक मूल्य सूचकाङ्कले बजारमा कारोबार हुने समग्र वस्तुहरुको प्रतिनिधित्व गर्ने भएकोले यसबाट मूल्य सम्बन्धी विविध पक्षहरुको अध्ययन गरी नीति निर्माण गर्न सहयोग पुग्नुका साथै शोधकर्ता, योजनाविद् एवम् अन्य सरोकारवाला निकायहरुको लागि समेत सूचकाङ्क उपयोगी हुने विश्वास लिएको छु ।

अन्त्यमा, थोक मूल्य सर्वेक्षण समिति एवम् प्राविधिक उप-समितिमा रही सर्वेक्षण कार्य सम्पन्न गर्न महत्वपूर्ण योगदान पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी, सर्वेक्षण कार्यमा सहयोग पुर्‍याउनु हुने उद्यमी व्यापारी लगायत मूल्य प्रदायकहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सर्वेक्षण कार्यमा प्रत्यक्ष रुपमा संलग्न रही प्रतिवेदनलाई यो स्वरुपमा ल्याउन सहयोग पुर्‍याउने यस बैंकका तत्कालीन निर्देशकहरु श्री नीलम तिम्सिना तथा श्री पिताम्बर भण्डारी एवम् निर्देशकहरु श्री प्रदीपराज पौड्याल, डा. प्रकाशकुमार श्रेष्ठ, डा. डिल्लीराम पोखेल, का.मु. निर्देशक श्री हिम प्रसाद न्यौपाने, उप-निर्देशकहरु डा. राजनकृष्ण पन्त र श्री सुशिल पौडेल, सहायक निर्देशकहरु डा. महेशकुमार चौलागाईं, श्री सन्जय मिश्र, श्री मेदनी प्रसाद पोखेल र श्री रमेश प्रसाद पराजुलीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

नरबहादुर थापा<br>
कार्यकारी निर्देशक<br>
अनुसन्धान विभाग

# विषय सूची


| | | पृष्ठ |
|---|---|---|
| | **कार्यकारी सारांश** | |
| **परिच्छेद १** | **परिचय** | १ |
| | पृष्ठभूमि | १ |
| | थोक मूल्य सूचकाङ्कको महत्व | २ |
| | समिति तथा उप-समितिको गठन तथा आयोजना कार्यालय | २ |
| **परिच्छेद २** | **थोक मूल्य सूचकाङ्क सम्बन्धी अवधारणा** | ३ |
| | थोक मूल्यको परिभाषा | ३ |
| | कुल कारोबारको गणना | ४ |
| | वस्तु वर्गीकरण विधि तथा वस्तुको भार निर्धारण | ५ |
| | वस्तु डालो तथा छानिएका वस्तुहरुको भार | ६ |
| | आधार वर्षको छनौट | ६ |
| | सूचकाङ्क निर्माण विधि | ६ |
| **परिच्छेद–३** | **थोक मूल्य संकलन** | ८ |
| | थोक बजार तथा मूल्य प्रदायक निकायको पहिचान | ८ |
| | वस्तुको ब्राण्ड, तौल तथा गुणस्तर | ८ |
| | बजार केन्द्र निर्धारण | ९ |
| | नियमित मूल्य संकलन | ९ |
| | मौसमी वस्तुहरु | ९ |
| | थोक मूल्य तथ्याङ्क संकलन सूचना प्रणाली | १० |
| | वस्तु प्रतिस्थापन | १० |
| **परिच्छेद–४** | **सूचकाङ्क प्रकाशन तथा पुरानो मूल्य सूचकाङ्कको व्यवस्थापन** | ११ |
| | तथ्याङ्क व्यवस्थापन तथा प्रकाशन | ११ |
| | Linking Factor | ११ |
| | थोक मूल्य सर्वेक्षण तथा प्रकाशनका सीमाहरु | ११ |

अनुसूचीहरु

# कार्यकारी सारांश

१. प्रतिनिधिमूलक डालोमा रहेका वस्तुहरुको थोक मूल्यमा हुने परिवर्तनलाई मापन गर्न थोक मूल्य सूचकाङ्क प्रयोग गरिन्छ । हाल विश्वमा ८५ मुलुकहरुले थोक मूल्य सूचकाङ्क निर्माण गर्ने गरेका छन् । विश्वका कतिपय मुलुकहरुले समग्र मुद्रास्फीति मापन गर्न समेत थोक मूल्य सूचकाङ्कको प्रयोग गरेको पाइन्छ ।

२. नेपाल राष्ट्र बैंकले हालसम्म आर्थिक वर्ष २०५६/५७ लाई आधार वर्षको रुपमा लिई २० बजार केन्द्रबाट ४१५ वटा कोटेशनमार्फत् कुल ७१ वस्तुहरुको थोक मूल्य संकलन गरी सूचकाङ्क प्रकाशन गर्दै आएको छ । यसरी संकलित कुल ७१ वस्तु डालोलाई कृषिजन्य उत्पादन, औद्योगिक उत्पादन र आयातीत वस्तुहरुमा वर्गीकरण गरिएको छ ।

३. अर्थतन्त्रमा भएको संरचनात्मक परिवर्तनसँगै उपभोगको प्रवृति, बजारमा नयाँ वस्तुहरुको आगमन/प्रतिस्थापन तथा कारोबार रकममा आएको परिवर्तन लगायत सूचकाङ्क निर्माण सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास समेतलाई दृष्टिगत गरी विद्यमान थोक मूल्य सूचकाङ्क अद्यावधिक गर्ने उद्देश्यका साथ दोस्रो थोक मूल्य सर्वेक्षण सम्पन्न गरी यो प्रतिवेदन सार्वजनिक गरिएको छ ।

४. सूचकाङ्क निर्माणका लागि आन्तरिक अर्थतन्त्रमा उत्पादित वस्तुको कारोबार तथा आयातको योगफलबाट निर्यात घटाई कुल कारोबार रकम गणना गरिएको छ । यस अनुसार कृषि तथा मत्स्यपालनको Marketed Surplus, खानी तथा उत्खनन्, औद्योगिक उत्पादन, विद्युत उत्पादन तथा कुल आयात रकमको योगबाट निर्यात घटाई कुल कारोबार रकम गणना गरिएको छ ।

५. यसअघि प्रकाशन हुँदै आएको थोक मूल्य सूचकाङ्कलाई अन्तर्राष्ट्रिय प्रचलन अनुरुप वर्गीकरण गरी थप परिमार्जन गरिएको छ । यसका लागि संयुक्त राष्ट्र संघले आर्थिक गतिविधि अनुसार वस्तु तथा सेवाहरुलाई वर्गीकरण गर्न प्रतिपादन गरेको International Standard Industrial Classification-ISIC (Revision 4) बमोजिम वृहत आर्थिक वर्गीकरण (Broad Economic Classification) अनुरुपको विधि अवलम्बन गरिएको छ ।

६. नयाँ वस्तु डालोमा विद्यमान डालोमा समावेश भएका ७१ वस्तुमध्ये सलाई र ड्राइसेल व्याट्री बाहेक अन्य सम्पूर्ण वस्तुहरु समावेश भएको छ भने आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ ले उल्लेख गरेका १४ वटा विभिन्न वस्तु समूहमा पर्ने अत्यावश्यक

वस्तुहरुलाई समेत समावेश गरी अन्तर्राष्ट्रिय वर्गीकरण अनुसार २६२ वस्तुहरु समावेश गरिएका छन् । वस्तु डालोलाई प्राथमिक, इन्धन तथा उर्जा र उत्पादनमूलक वस्तुहरु गरी ३ समूहमा वर्गीकरण गरिएको छ । यस अनुसार ७५ वटा प्राथमिक वस्तु, ७ वटा इन्धन तथा उर्जा र १८० वटा उत्पादनमूल वस्तुहरु समावेश गरी समूहगत रुपमा क्रमशः ३३.५९ प्रतिशत, ८.७६ प्रतिशत र ५७.६५ प्रतिशत भार निर्धारण गरिएको छ ।

७. उपर्युक्त अनुरुपको वस्तु डालो (Commodity Basket) तथा भार (Weight) का आधारमा आर्थिक वर्ष २०७४/७५ लाई आधार वर्षको रुपमा लिई नयाँ थोक मूल्य सूचकाङ्क निर्माण गरिएको छ । वस्तुको सूचकाङ्क निर्माणका लागि Unweighted Average of Price Relatives र समूह तथा कुल सूचकाङ्क गणनाका लागि विगतमा अवलम्बन गरिएको Arithmetic Laspeyres Index को सुत्रलाई नै प्रयोग गरिएको छ ।

८. वस्तुको बजार पहिचान गर्ने सम्बन्धमा कृषि सम्बन्धी वस्तुहरुको जिल्लागत तथ्याङ्क विश्लेषण गरी छनौट गरिएको जिल्लामा ८० प्रतिशत भन्दा बढी उत्पादन गर्ने इकाई, औद्योगिक वस्तुहरुको सम्बन्धमा National Census of Manufacturing Establishments-2011/12 बमोजिम उद्योगको Sampling Frame तयार गरी उत्पादनको आधारमा सबैभन्दा बढी उत्पादन गर्ने उद्योगहरु र आयातीत वस्तुहरुको हकमा आयातकर्ताहरुको संघ सस्थाले विभिन्न वस्तुहरुका ठूला आयातकर्ताका रुपमा सिफारिश गरेका र विभिन्न वस्तुहरुको आधिकारिक आयातकर्ता पहिचान गरी उक्त वस्तुको अंश, थोक कारोबारको Concentration, वस्तुको Price Variation तथा मूल्य संकलन गरिने इकाईको उपलब्धता आदिलाई आधार बनाई न्यूनतम ५ वटा मूल्य हुने गरी आयातकर्ता छनौट गरिएको छ ।

९. छानिएका वस्तुको मूल्य संकलन गर्ने प्रयोजनका लागि कृषि बजार, उद्योग तथा आयातकर्ताले उपलब्ध गराएको बिक्री तथ्याङ्क अथवा सो उपलब्ध नभएमा छलफलबाट निर्क्यौल गरिएको सबैभन्दा बढी बिक्री गरिने तथा आगामी दिनमा समेत प्रचलनमा रहन सक्ने ब्राण्ड, तौल तथा गुणस्तरको वस्तुको थोक मूल्य संकलन गरिएको छ ।

१०. छनौट भएका कृषि बजार, उद्योग तथा आयातकर्ताहरुबाट मूल्य संकलन गर्न सहज हुने गरी २४ वटा जिल्लालाई बजार केन्द्रका रुपमा छनौट गरिएको छ ।

११. मूल्यमा धेरै उतार-चढाव हुने फलफूल, तरकारी, माछा तथा कुखुराको मासुको मूल्य पाक्षिक रुपमा, मूल्यमा उतार-चढाव कम हुने खाद्यान्न तथा आधाभूत वस्तुहरुको मूल्य

मासिक रुपमा तथा मूल्यमा उतार-चढाव लामो अन्तरालमा मात्र हुने प्रकृतिका वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरी सूचकाङ्क निर्माण गरिने छ ।

१२. मौसमी वस्तुहरु उपलब्ध नभएको अवस्थामा अघिल्लो मूल्य सूचकाङ्कलाई निरन्तरता दिने अथवा त्यही वस्तु समूहको सूचकाङ्क परिवर्तनको आधारमा नपाइएको वस्तुको सूचकाङ्क परिवर्तन गर्ने अन्तर्राष्ट्रिय अभ्यास अनुशरण गरिनेछ । त्यसैगरी, वस्तु प्रतिस्थापन तथा नयाँ वस्तु थप गर्दा समेत अन्तर्राष्ट्रिय प्रचलन अनुरुपकै विधि प्रयोग गरी सूचकाङ्क निर्माण गरिने छ ।

१३. प्रत्येक महिना अन्त्य भएको एक महिना भित्र थोक मूल्य सूचकाङ्क निर्माण गरी यस बैंकबाट प्रकाशन हुने देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा प्रकाशन गरिने छ । साथै, आधार वर्षमा गरिएको परिवर्तनसँगै विगतको थोक मूल्य सूचकाङ्कलाई आर्थिक वर्ष २०७४/७५ को Overall Index को वार्षिक औसत ३२९.२ (Linking Factor) ले भाग गरी पुरानो थोक मूल्य सूचकाङ्कलाई नयाँ आधार वर्षमा परिणत गरिने छ ।

१४. दोस्रो थोक मूल्य सर्वेक्षण गर्दा आधुनिक तथ्याङ्क संकलन विधि र अन्तर्राष्ट्रिय प्रचलन समेतका आधारमा वस्तु डालो परिवर्तन गरिएतापनि सेवा क्षेत्रमा थोक कारोबार नगन्य हुने भएकोले सेवा क्षेत्रलाई सूचकाङ्कमा समावेश गरिएको छैन ।

# परिच्छेद-१
# परिचय

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंकले आधार वर्ष २०७१/७२ अनुसार उपभोक्ता मूल्य सूचकाङ्क, आधार वर्ष २०५६/५७ अनुसार थोक मूल्य सूचकाङ्क, आधार वर्ष २०६०/६१ अनुसार तलब तथा ज्यालादर सूचकाङ्क तथा आधार वर्ष २०६९/७० अनुसार आयात-निर्यात सूचकाङ्क गरी ४ प्रकारका मूल्य सूचकाङ्कहरु मासिक रुपमा प्रकाशन गर्दै आएको छ ।

२. प्रतिनिधिमूलक डालोमा रहेका वस्तुहरुको थोक मूल्यमा हुने परिवर्तनलाई मापन गर्न थोक मूल्य सूचकाङ्क प्रयोग गरिन्छ । हाल विश्वमा ८५ मुलुकहरुले थोक मूल्य सूचकाङ्क निर्माण गर्ने गरेका छन् (अनुसूची ४) । कतिपय मुलुकहरुले मुद्रास्फीति मापन गर्नका लागि थोक मूल्य सूचकाङ्कको प्रयोग गरेको पाइन्छ भने धेरै मुलुकहरुले उपभोक्ता मूल्य सूचकाङ्क प्रयोग गर्ने गरेका छन् ।

३. नेपाल राष्ट्र बैंकले हाल २० जिल्लामा अवस्थित बजार केन्द्रहरुबाट ४१५ वटा कोटेशनमार्फत् ७१ वस्तुहरुको थोक मूल्य संकलन गरी उक्त वस्तुहरुलाई कृषिजन्य उत्पादन, औद्योगिक उत्पादन र आयातीत वस्तुमा वर्गीकरण गरी थोक मूल्य सूचकाङ्क प्रकाशन गर्दै आएको छ । अर्थतन्त्रको संरचनात्मक परिवर्तनसँगै नयाँ वस्तुको आगमन, त्यसको गुण, प्याकेजिङ्ग, विशेषता, बजार हिस्सा, सम्मिश्रण आदिमा परिवर्तन हुने र कतिपय वस्तु बजारबाट लोप भएर जाने भएकोले मूल्य सम्बन्धी सही तथ्याङ्क प्राप्त गर्न समयसापेक्ष रुपमा सूचकाङ्क अद्यावधिक गर्दै जानुपर्ने हुन्छ । यस तथ्यलाई मध्यनजर राखी नेपाल राष्ट्र बैंकको दोस्रो रणनीतिक योजनाले दास्रो थोक मूल्य सर्वेक्षण सम्पन्न गरी आर्थिक वर्ष २०७४/७५ लाई नयाँ आधार वर्ष कायम गर्ने रणनीति तर्जुमा गरेको थियो । सोही अनुरुप "नेपाल राष्ट्र बैंकबाट हरेक महिना सार्वजनिक हुँदै आएको राष्ट्रिय थोक मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्नको निमित्त नेपाली बजारमा कारोबार हुने प्रतिनिधिमूलक वस्तुहरुको थोक मूल्य विवरण संकलन गरी सोको आधारमा परिमार्जित भार सहितको वस्तुको डालो (Commodity Basket) तयार गर्ने" प्रमुख उद्देश्यका साथ दोस्रो थोक मूल्य सर्वेक्षण कार्य सम्पन्न गरिएको छ ।

## थोक मूल्य सूचकाङ्कको महत्व

४. थोक मूल्य सूचकाङ्क निर्माण गर्नुको प्रमुख उद्देश्य व्यापारिक/औद्योगिक/निर्माण प्रतिष्ठानहरुको बीचमा कारोबार हुने वस्तुहरुको मूल्यमा हुने परिर्वतनलाई मापन गर्नु हो । यसबाट मुलुकको समष्टिगत एवम् सुक्ष्म आर्थिक स्थितिको विश्लेषण गर्न सहयोग पुग्दछ । थोक मूल्यको प्रभाव खुद्रा मूल्यमा Pass through हुने भएकोले थोक मूल्यमा आएको परिवर्तनका आधारमा उपभोक्ता मूल्यमा पर्न सक्ने प्रभावका साथै वितरण प्रणालीको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग पुग्दछ ।

५. नेपालमा केन्द्रीय तथ्याङ्क विभागले थोक मूल्य सूचकाङ्क तथा यसका उप-सूचकाङ्कलाई कुल गार्हस्थ्य उत्पादनको कृषि अन्तर्गत रहेको केही पशुजन्य वस्तुको वर्तमान मूल्य तथा वस्तुमा लाग्ने कर अनुमान गर्न प्रयोग गर्दछ । सार्वजनिक तथा निजी क्षेत्रमा बोलकबोलमार्फत् कच्चा पदार्थ, मेशिनरी, निर्माण समाग्री आदिको ठेक्का पट्टाको लागि आपूर्तिकर्ताले मूल्य वृद्धि प्रावधान (Price escalation clause) मा समेत थोक मूल्य सूचकाङ्क प्रयोग गर्ने गरिन्छ ।

६. अथर्तन्त्रमा उल्लेख्य रुपमा कारोबार हुने पूँजीगत वस्तुहरु (जस्तैः मेसिनरी, कार्यालयमा प्रयोग हुने सामानहरु, विभिन्न प्रकृतिका कच्चा पदार्थ आदि) को मूल्य मापन गर्ने Capital Price Index प्रकाशन नगर्ने मुलुकमा विकल्पको रुपमा थोक मूल्य सूचकाङ्क प्रयोग गर्ने गरिन्छ । त्यसैगरी, शोधकर्ता, योजनाविद् एवम् अन्य सरोकारवाला निकायहरुको उपयोगका लागि समेत थोक मूल्य सूचकाङ्कको महत्वपूर्ण भूमिका रहन्छ ।

## समिति तथा उप-समितिको गठन तथा आयोजना कार्यालय

७. दोस्रो थोक मूल्य सर्वेक्षण अवधिभर आवश्यक सम्पूर्ण कार्यको मार्गदर्शन तथा नीतिगत निर्णय गर्न वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा "थोक मूल्य सर्वेक्षण समिति" र सर्वेक्षण कार्यलाई सहजीकरण गर्न, भार सहितको नयाँ वस्तु डालो निर्माण गर्न, बजार केन्द्र तथा थोक मूल्य प्रदायक पसल निर्धारण लगायतका अन्य प्राविधिक कार्यहरु सम्पन्न गरी सिफारिस गर्न अनुसन्धान विभागका निर्देशक (मूल्य महाशाखा हेर्ने) को संयोजकत्वमा "प्राविधिक उप-समिति" गठन गरिएको थियो । सर्वेक्षण समितिका संयोजकले तोके बमोजिम सम्बन्धित क्षेत्रको ज्ञान भएका बैंक भित्रका अधिकृतहरु तथा बैंक बाहिरका विशेषज्ञहरुलाई समेत आवश्यकता अनुसार समितिको बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको थियो । सर्वेक्षणको कार्यको लागि आवश्यक जनशक्ति सहित दोस्रो थोक मूल्य सर्वेक्षण आयोजनाको कार्यालय स्थापना गरी तोकिएको समयमै सर्वेक्षण कार्य सम्पन्न गरिएको छ (अनुसूची -१) ।

# परिच्छेद–२
# थोक मूल्य सूचकाङ्क सम्बन्धी अवधारणा

## थोक मूल्यको परिभाषा

८. थोक मूल्य भन्नाले एउटा व्यावसायिक संस्थाले अर्को संस्थालाई पुनः बिक्री गर्ने उद्देश्य सहित ठूलो परिमाणमा बिक्री गर्ने मूल्यलाई जनाउँछ । अर्थतन्त्रमा उत्पादकबाट अन्तिम उपभोक्तासम्म पुग्नको लागि एक वा एक भन्दा बढी व्यावसायिक मध्यस्थकर्ताहरु रहने हुँदा थोक वस्तुको प्रकृति अनुसार थोक मूल्यको परिभाषा निम्नानुसार गरिएको छ ।

क) स्वदेशमा उत्पादित कृषिजन्य वस्तुको हकमा कृषकले आफ्ना कृषि उपजलाई थोक बजारमा लगेर साझै अथवा बजार संचालकले संकलन गरी अन्य व्यावसायिक संस्थालाई बिक्री गरेको मूल्यलाई थोक मूल्य मानिने छ । खाद्यान्य तथा दलहन लगायतका वस्तुको सन्दर्भमा गल्लाले उत्पादकलाई बिक्री गर्ने मूल्य, उखु तथा जुट जस्ता वस्तुहरुको हकमा कृषकले मिललाई बिक्री गर्ने मूल्य, दूधको सन्दर्भमा दूध संकलन केन्द्रले डेरी उद्योगलाई बिक्री गर्ने मूल्य, तरकारी तथा फलफूलको हकमा थोक व्यापारीले खुद्रा व्यापारीलाई बिक्री गर्ने मूल्य, कुखुरा तथा अण्डाको सन्दर्भमा पोल्ट्री व्यवसायीले मासु व्यवसायीलाई बिक्री गर्ने मूल्य, अन्य प्रकारका मासुको हकमा प्राप्त भएसम्म बधशालाले व्यापारीलाई बिक्री गर्ने मूल्य र अन्य अवस्थामा एक व्यापारीले अर्को व्यापारीलाई बिक्री गर्ने मूल्यलाई थोक मूल्य मानिएको छ ।

ख) स्वदेशमा उत्पादित औद्योगिक वस्तुको हकमा उद्योगहरुको आधिकारिक वितरक भएमा वितरकले थोक व्यापारीलाई बिक्री गरेको मूल्य र त्यस्ता आधिकारिक वितरकहरु नभएको अवस्थामा उद्योगले व्यापारीलाई बिक्री गरेको मूल्यलाई थोक मूल्य मानिएको छ ।

ग) आयातीत वस्तुको सन्दर्भमा आयातकर्ताले थोक व्यापारीलाई बिक्री गरेको मूल्य वा आयातकर्ता स्वयम् व्यापारी भएमा आयातकर्ताले खुद्रा व्यापारीलाई बिक्री गरेको मूल्य अथवा आयातकर्ताले सोझै अन्तिम उपभोक्तालाई नै बिक्री गर्ने गरेको भए सोही खुद्रा मूल्यलाई नै थोक मूल्य मानिएको छ ।

## कुल कारोबारको गणना

९. अर्थतन्त्रमा उत्पादित वस्तुको कारोबार रकम तथा आयातको योगफलमा कुल निर्यात घटाई अर्थतन्त्रमा हुने कुल कारोबार रकम प्राप्त गर्न सकिन्छ । Direct Import तथा Direct Export सम्बन्धी यथार्थ तथ्याङ्क संकलन गर्न थप सर्वेक्षण आवश्यक हुन्छ । तथापि, कारखाना, प्रोजेक्ट लगायतका संस्थाहरुले आयात गर्ने वस्तु आफैले मात्र प्रयोग गर्ने र बजारमा बिक्री गर्दैनन् भन्ने अनुमान (Assumption) तथा यी बाहेकका अन्य संस्थाले पनि आफ्नो उत्पादन तथा खपतको लागि मात्र आयात गर्ने मान्यताको आधारमा कारोबार रकम गणना गरिएको छ । भारतले समेत थोक मूल्य सूचकाङ्कको भार निर्धारण गर्न Direct Import तथा Direct Export लाई प्रयोग गरेको छैन । थोक मूल्य सूचकाङ्क निर्माण गर्ने प्रयोजनका लागि कुल टर्नओभर गणना गर्न निम्नानुसारको विधि अवलम्बन गरिएको छ ।

Total Turnover = Marketed Surplus of Agricultural and Forestry Output
+ Marketed Surplus of Fishing
+ Total Output of Mining and Quarrying
+ Total Sales of Manufacturing Industry in Nepal and Other Country
+ Total Output of Electricity
+ Import (Including Electricity)
- Export

१०. कृषि, वन तथा मत्स्यपालन क्षेत्रको कुल उत्पादनको Marketed Surplus, खानी तथा उत्खनन, उत्पादनमूलक उद्योग, विद्युत तथा ग्याँस क्षेत्रको कुल उत्पादन रकम र आयातको योगफलबाट निर्यातलाई घटाई आउने रकमलाई अर्थतन्त्रमा हुने कुल कारोबारको रुपमा लिइएको छ । सेवा क्षेत्रको थोक कारोबार नगन्य रुपमा हुने कारण थोक कारोबार रकमको गणना गर्ने प्रयोजनको लागि सेवा क्षेत्रलाई समावेश गरिएको छैन । भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका तथा जापान लगायतका देशहरुले समेत सेवा क्षेत्रको कारोबारलाई समावेश गरेका छैनन् ।

११. कुल कारोबार रकमको गणना गर्ने प्रयोजनको लागि आर्थिक वर्ष २०७१/७२, २०७२/७३ र २०७३/७४ को कृषि तथा वन, खानी तथा उत्खनन, उद्योग, विद्युत तथा ग्यासको औसत उत्पादन तथा सोही आर्थिक वर्षको औसत आयातको योगफलबाट औसत निर्यात घटाइएको छ । २०७२ वैशाख १२ गतेको भूकम्प तथा आर्थिक वर्ष २०७२/७३ मा व्यापार नाकामा भएको अवरोधका कारण उक्त आर्थिक वर्ष असामान्य रहेकोले माथि उल्लिखित तीन आर्थिक वर्षको औसत लिई सामान्यीकरण गरिएको छ (अनुसूची-२ क) ।

१२. केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त कृषि तथा कृषिजन्य वस्तुहरुको उत्पादनको Marketed Surplus, औद्योगिक वस्तुहरुको National Census of Manufacturing Establishments- 2011/12 तथा Survey of Small Manufacturing Establishments Nepal- 2005/06 को तथ्याङ्कलाई आर्थिक वर्ष २०७१/७२, २०७२/७३ र २०७३/७४ को Value मा परिमार्जन गर्न Manufacturing Producer's Price Index (MPPI) तथा Manufacturing Production Index (MPI) ले Inflate गरी आएको रकम, माछा उत्पादन, खनिज तथा विद्युतको हकमा कुल उत्पादन र आयात तथा निर्यातको सन्दर्भमा नेपाल सरकार भन्सार विभागबाट प्राप्त आयात तथा निर्यातको तथ्याङ्क र विद्युत आयात निर्यातको सन्दर्भमा नेपाल राष्ट्र बैंकको शोधानान्तर शाखाबाट प्राप्त रकम प्रयोग गरिएको छ ।

## वस्तु वर्गीकरण विधि तथा वस्तुको भार निर्धारण

१३. संयुक्त राष्ट्र संघले आर्थिक गतिविधि अनुसार वस्तु तथा सेवाहरुलाई वर्गीकरण गर्न प्रतिपादन गरेको International Standard Industrial Classification-ISIC (Revision 4) अनुसार सूचकाङ्कमा समावेश गरिने वस्तुहरुलाई विभिन्न वस्तु समूहमा वर्गीकरण गरिएको छ । भारतमा समेत WPI मा समावेश गरिएका वस्तुहरुको उप-सूचकाङ्क निमार्णमा यही विधिको प्रयोग गरिएको छ ।

१४. थोक मूल्य सूचकाङ्कको तथ्याङ्कलाई Broad Economic Classification अनुरुप Consumable Goods, Intermediate Goods तथा Capital Goods मा समेत वर्गीकरण गरिएको छ । पुरानो सूचकाङ्कमा स्वदेशी उत्पादन अन्तर्गत निर्माण सामाग्रीहरुको उप-सूचकाङ्क गणना हुने गरेको र निर्माण व्यवसायीहरुबाट उक्त सूचकाङ्क माग हुने गरेकोले थोक मूल्य सूचकाङ्कमा प्रयोग हुने भारलाई साविकको अवस्थामै प्रयोग गरी निर्माण सामाग्रीहरु मात्र समावेश गरी छुट्टै उप-सूचकाङ्क समेत गणना गरिएको छ ।

१५. नेपालको कुल कारोबारमा हुने समान प्रकृतिको वस्तुहरुलाई ISIC 4 Digit Code र CPC Code को आधारमा १२११ वस्तुमा सीमित गर्दै यस्ता वस्तुको कारोबारलाई कुल कारोबारले भाग गरी प्रतिशतमा वस्तुगत भार निर्धारण गरिएको छ ।

## वस्तु डालो तथा छानिएका वस्तुहरुको भार

१६. कारोबार हुने वस्तुहरुलाई प्राथमिक वस्तुको सन्दर्भमा ISIC 4 Digit र Manufacturing वस्तुको सन्दर्भमा ISIC 2 Digit अन्तरगत रहने गरी ५२ वटा वस्तु समूह वर्गीकरण गरिएको छ । तत्पश्चात् उक्त समूहमा रहेका वस्तुहरुको कारोबारको अंशलाई आधार मानी धेरैबाट थोरै अंश ओगट्ने वस्तुको क्रम मिलाई कम्तिमा ९५ प्रतिशत कारोबार समावेश हुने गरी वस्तु चयन गरिएको छ । यस विधिबाट प्रारम्भिक रुपमा २९४ वस्तुहरु छनौट गरिएको छ । उत्पादित हरियो तरकारीजन्य वस्तुहरुको विस्तृत तथ्याङ्क नभएकोले CPI अन्तर्गत तरकारीजन्य वस्तुहरुमा रहेको भारलाई आधार बनाई १७ वस्तुहरुमा उक्त भार वितरण गरिएको छ । साथै, थोक कारोबार नहुने कृषि वस्तु र मध्यस्थ खपतमा प्रयोग हुने औद्योगिक तथा आयातीत वस्तुहरुको थोक बजारमा कारोबार नहुने हुँदा उक्त वस्तुहरुको भार सोही वस्तु समूह अन्तरगत रहने गरी ५० वटा वस्तु हटाई अन्तिम डालोमा २६२ वस्तुहरु निर्धारण गरिएको छ (अनुसूची-२ ख) ।

१७. नयाँ वस्तु डालोमा विद्यमान डालोमा समावेश भएका ७१ वस्तुमध्ये सलाई र ड्राइसेल ब्याट्री बाहेक अन्य सम्पूर्ण वस्तुहरु समावेश गरिएको छ भने आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ ले उल्लेख गरेका १४ वटा विभिन्न वस्तु समूहमा पर्ने अत्यावश्यक वस्तुहरुलाई प्रस्तावित डालोमा समावेश गरिएको छ ।

## आधार वर्षको छनौट

१८. वस्तु डालो निर्धारण भएपश्चात् आर्थिक वर्ष २०७४/७५ लाई आधार वर्ष कायम गरी छानिएका वस्तुहरुको आधार वर्षको थोक मूल्य संकलन कार्य शुरु गरिएको छ ।

## सूचकाङ्क निर्माण विधि

१९. छानिएका वस्तु अन्तर्गतका विभिन्न प्रकार तथा ब्राण्डका सामानहरुको थोक मूल्य संकलन गरी दुई चरणमा सूचकाङ्क निकालिन्छ । पहिलो चरणमा, प्रत्येक वस्तु अन्तर्गत विभिन्न प्रकार तथा ब्राण्डका सामाहरुको मूल्यलाई औसत गरी वस्तुको सूचकाङ्क (Elementary Aggregates) निकालिन्छ र दोस्रो चरणमा उक्त वस्तुको सूचकाङ्कलाई वस्तुको भारले गुणन गरी समूह तथा कुल सूचकाङ्क (Weighted Aggregate Index) निकालिन्छ ।

वस्तुको सूचकाङ्क निर्माणको लागि निम्नानुसारको Unweighted Average of Price Relatives सुत्र प्रयोग गरिएको छ ।

$$I_{i=} \frac{\sum_{j=1}^{n} P_{ij}/P_{0j}\, x100}{n}$$

यहाँ,

Ii = Index of $i^{th}$ Commodity
Pij =Price of $i^{th}$ Commodity of $j^{th}$ brand or type
Poj = Base Price of $i^{th}$ Commodity of $j^{th}$ brand or type

२०. समूह तथा कुल सूचकाङ्क निर्माण गर्न विगतमा अवलम्बन गरिएको Arithmetic Laspeyres Index को सुत्रलाई नै प्रयोग गरिएको छ । भारत तथा जापानले समेत यसै सुत्र प्रयोग गरी थोक मूल्य सूचकाङ्क निर्माण गर्ने गरेका छन् ।

$$WPI = \frac{\sum(Ii * Wi)}{\sum Wi}$$

यहाँ,

WPI = Wholesale Price Index
Wi = Weight Assigned to the $i^{th}$ Commodity

# परिच्छेद–३
# थोक मूल्य संकलन

## थोक बजार तथा मूल्य प्रदायक निकायको पहिचान

२१. कृषि व्यावसायी, उद्योगी तथा आयातकर्ताको व्यापार प्रवृति फरक-फरक हने भएकोले तिनको पहिचान तथा छनौटका लागि निम्न बमोजिमको विधि अवलम्बन गरिएको छ ।

क) कृषि वस्तुको बजार पहिचानका लागि जिल्लागत उत्पादन तथ्याङ्कको विश्लेषण गरी कम्तिमा ८० प्रतिशतभन्दा बढी उत्पादन ओगट्ने जिल्लास्थित थोक कृषि बजार, गल्ला, कृषि फारम, कृषि सहकारी तथा अन्य थोक कारोबार गर्ने इकाईहरुको छनौट गरिएको छ ।

ख) औद्योगिक वस्तुको बजार पहिचानका लागि केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको National Census of Manufacturing Establishments- 2011/12 को आधारमा उद्योगको Sampling Frame तयार गरी उत्पादनको आधारमा सबैभन्दा बढी उत्पादन गर्ने उद्योगहरु छनौट गरिएको छ ।

ग) आयातीत वस्तुको बजार पहिचान गर्न आयातकर्ताहरुको संघ सस्थाले विभिन्न वस्तुहरुका ठूला आयातकर्ताका रुपमा शिफारिस गरेका र विभिन्न वस्तुहरुको आधिकारिक आयातकर्ता पहिचान गरी उक्त वस्तुको अंश, थोक कारोबारको Concentration, वस्तुको Price Variation तथा मूल्य संकलन गरिने इकाईको उपलब्धता आदिलाई आधार बनाई न्यूनतम ५ वटा मूल्य हुने गरी आयतकर्ता छनौट गरिएको छ । बजारमा आयातीत तथा स्वदेशी दुबै प्रकारका सामान बिक्री हुने गरेको भएमा कुल कारोबारमा आन्तरिक उत्पादन तथा आयातको अंश गणना गरी सोही अनुसार मूल्य संकलन गरिएको छ । तर आयातीत वस्तुहरु प्रत्येक पटक आयात गर्दा फरक प्रकृति सहित आउने र स्वदेशी सामानले उक्त वस्तुसँग प्रतिस्पर्धा गर्न समान प्रकृतिका मूल्य कायम गर्ने हुँदा स्वदेशी सामानको मूल्य समावेश गर्नलाई प्राथमिकता दिइएको छ ।

## वस्तुको ब्राण्ड, तौल तथा गुणस्तर

२२. छानिएका वस्तुको मूल्य संकलन गर्ने प्रयोजनका लागि कृषि बजार, उद्योग तथा आयातकर्ताले उपलब्ध गराएको बिक्री तथ्याङ्क अथवा सो उपलब्ध नभएमा छलफलबाट

निर्क्यौल गरिएको सबैभन्दा बढी बिक्री गरिने तथा आगामी दिनमा समेत प्रचलनमा रहन सक्ने ब्राण्ड, तौल तथा गुणस्तरका वस्तुको थोक मूल्य संकलन गरिएको छ ।

## बजार केन्द्र निर्धारण

२३. यसरी छनौट भएका कृषि बजार, उद्योग तथा आयातकर्ताहरुबाट मूल्य संकलन गर्न सहज हुने गरी २४ जिल्लालाई बजार केन्द्रका रुपमा कायम गरिएको छ (अनुसूची-३) ।

## नियमित मूल्य संकलन

२४. छनौट भएका २४ जिल्लाका विद्यमान उपभोक्ता मूल्य संकलन कार्यमा संलग्न शिक्षकहरुसँग थोक मूल्य संकलन गर्न करार गरी नियमित रुपमा मूल्य संकलन कार्य गरिएको छ । मूल्यमा धेरै उतारचढाव हुने फलफूल, तरकारी, माछा तथा कुखुराको मासुको मूल्य पाक्षिक रुपमा, मूल्यमा उतारचढाव कम हुने खाद्यान्न तथा आधाभूत वस्तुहरुको मूल्य मासिक रुपमा र मूल्यमा उतारचढाव लामो अन्तरालमा मात्र हुने प्रकृतिका वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गर्ने गरिएको छ । संकलन कार्यमा मितव्ययिता, एवम् मूल्य प्रदायक संस्थाको सहजतालाई समेत ध्यानमा राखी विभिन्न वस्तुहरुको विभिन्न अन्तरालमा मूल्य संकलन गर्ने अन्तर्राष्ट्रिय प्रचलन अवलम्बन गरिएको छ । साथै, छनौटमा परेका सम्पूर्ण थोक मूल्य प्रदायक उद्योगी, व्यवसायी, लगायतका अन्य निकायहरुसँग नियमित सर्म्पक तथा अनुगमन गरी तथ्याङ्कको विश्वसनियता एवम् प्रभावकारिता अभिवृद्धि गर्ने कार्यलाई उच्च प्राथमिकता दिइएको छ ।

## मौसमी वस्तुहरु

२५. कृषिजन्य वस्तु अन्तर्गत फलफूल तथा तरकारी जस्ता मौसमी वस्तुहरुको मूल्य वर्षको निश्चित अवधिसम्म मात्र उपलब्ध हुने गर्दछ । अन्तरर्राष्ट्रिय प्रचलन अनुसार, यस्ता वस्तुहरु उपलब्ध नभएको मौसममा अगाडिको मूल्य सूचकाङ्कलाई निरन्तरता दिने अथवा त्यही वस्तु समूहको सूचकाङ्क परिवर्तनको आधारमा नपाइएको वस्तुको सूचकाङ्क परिवर्तन गर्ने गरिन्छ ।

२६. कुनै वस्तुहरुको मूल्य मौसम परिवर्तनको कारण उपलब्ध नभएमा पहिलो पटकको लागि उपलब्ध सूचकाङ्कको औसतलाई सो पटकको सूचकाङ्क लिने र दोस्रो पटकबाट मूल्य उपलब्ध नहुन्जेल उक्त वस्तु समूहको मूल्य परिवर्तन अनुसारनै परिवर्तन गर्ने गरिन्छ । यदि स्थानीय स्तरमा मात्र उक्त वस्तु उत्पादन तथा कारोबार नभएको तर देशको अन्य भागमा कारोबारमा रहेको वस्तुहरुको हकमा कुल संकलन गर्नुपर्ने मूल्यको ५० प्रतिशत मूल्य

संकलन गरिएको भए सोही संकलित वस्तुहरुको मूल्य परिवर्तनलाई मूल्य प्राप्त नभएको वस्तु सूचकाङ्कमा समायोजन गर्ने गरिन्छ ।

## थोक मूल्य तथ्याङ्क संकलन सूचना प्रणाली

२७. थोक मूल्य सूचकाङ्क निर्माण प्रयोजनका लागि यस बैंकले वेव (Web) मा आधारित चार प्रकारका प्रयोगकर्ताले प्रयोग गर्न सक्ने गरी सफ्टवेयर तयार गरेको छ । पहिलो, प्रयोगकर्ता अन्तरगत मूल्य प्रदायक संस्था आफैले मूल्य प्रविष्ट गर्ने । दोस्रो, शिक्षकहरुले फोनबाट संकलन गरेको मूल्य प्रविष्ट गरी त्यसलाई पुनः परीक्षण गर्ने । तेस्रो, यस बैंकका कर्मचारीले उपलब्ध तथ्याङ्कलाई हेरी अप्रत्यासित रुपमा तलमाथि भएमा पुनः मूल्य संकलक शिक्षकलाई फिर्ता पठाई जाँचबुझ गराउने र तथ्याङ्कलाई विश्वस्त बनाउने । चौथो, यसै बैंकको कर्मचारीले अन्तिम रुपमा स्वीकृत गरेको तथ्याङ्कलाई प्रकाशन गर्ने गरी विभिन्न प्रकारका सूचकाङ्क तयार गर्ने गरेको छ । यसरी प्राप्त सूचनालाई स्वचालित प्रविधिबाट सूचकाङ्क निर्माण गर्ने कार्यमा उपयोग गर्ने व्यवस्था मिलाइएको छ ।

## वस्तु प्रतिस्थापन

२८. समयको अन्तरालसँगै कतिपय वस्तु उत्पादन गर्ने फर्म बन्द हुने, वस्तुको ब्राण्ड, गुणस्तर तथा तौल परिवर्तन हुने तथा नयाँ ब्राण्डका वस्तु बजारमा प्रवेश गर्ने लगायतका कारण सूचकाङ्क निर्माण गर्दा वस्तु प्रतिस्थापन तथा नयाँ वस्तु थप गर्नु पर्ने आवश्यकता हुन्छ । वस्तु प्रतिस्थापन गर्दा प्रतिस्थापित वस्तुको सूचकाङ्कलाई प्रतिस्थापन गर्ने वस्तुको सूचकाङ्क समान मानिने र सोही सूचकाङ्कले वर्तमान मूल्यलाई भाग गरी आधार मूल्य कायम गरी प्रतिस्थापित वस्तुको सूचकाङ्कलाई हटाउने गरिन्छ । नयाँ वस्तु थप गर्दा उक्त वस्तुको सूचकाङ्क हाल कायम रहेका वस्तुको समग्र सूचकाङ्क बराबर राखी सोही सूचकाङ्कले भाग गरी आधार मूल्य निकालिन्छ । नयाँ वस्तु थप गरिएपश्चात् थप वस्तु सहित समग्र सूचकाङ्क निकालिन्छ ।

# परिच्छेद–४
# सूचकाङ्क प्रकाशन तथा पुरानो मूल्य सूचकाङ्कको व्यवस्थापन

## तथ्याङ्क व्यवस्थापन तथा प्रकाशन

२९. प्रत्येक महिना अन्त्य भएको एक महिनाभित्र मासिक रुपमा अनुसन्धान विभागबाट प्रकाशन हुने देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा परिवर्तित वस्तु डालो तथा भार सहितको नयाँ थोक मूल्य सूचकाङ्क प्रकाशन गरिने छ ।

## Linking Factor

३०. आधार वर्षको परिवर्तनसँगै विगतको थोक मूल्य सूचकाङ्कलाई आर्थिक वर्ष २०७४/७५ को Overall Index को वार्षिक औसत ३२९.२ (Linking Factor) ले भाग गरी पुरानो थोक मूल्य सूचकाङ्कलाई नयाँ आधार वर्षमा परिणत गरिने छ ।

## थोक मूल्य सर्वेक्षण तथा प्रकाशनका सीमाहरु

३१. दोस्रो थोक मूल्य सर्वेक्षण गर्दा आधुनिक तथ्याङ्क संकलन विधि र अन्तर्राष्ट्रिय प्रचलन समेतका आधारमा वस्तु डालो भार तथा वर्गीकरणमा परिमार्जन गरिएतापनि यसका निम्नानुसारका सीमाहरु रहेका छन ।

- सेवा क्षेत्रको थोक कारोबार नगन्य मात्रामा हुने भएकोले सो क्षेत्रलाई थोक मूल्य सूचकाङ्कमा समावेश गरिएको छैन ।
- विभिन्न मूल्य प्रदायक निकायहरुबाट संकलन गरिएको Unit Price Confidential हुने हुँदा यस्तो मूल्य प्रकाशन गरिने छैन ।

# अनुसूची-१

# दोस्रो थोक मूल्य सर्वेक्षण समिति प्राविधिक उप-समिति र कर्मचारी विवरण

## १.१ दोस्रो थोक मूल्य सर्वेक्षण समिति

दोस्रो थोक मूल्य सर्वेक्षणको कार्य सम्पन्न गर्न "थोक मूल्य सर्वेक्षण समितिमा २०७५ असार मसान्तमा निम्नानुसार पदाधिकारीहरु रहेका छन् र सर्वेक्षण समिति गठन भएदेखि आयोजना चालु अवधिसम्म १८ वटा वैठक सम्पन्न भएको छ ।

| | | | |
|---|---|---|---|
| १. | श्री चिन्तामणि शिवाकोटी® | डेपुटी गभर्नर | संयोजक |
| २. | श्री नरबहादुर थापा | कार्यकारी निर्देशक, अनुसन्धान विभाग | सदस्य |
| ३. | प्रा.डा. शंकर प्रसाद खनाल⊗ | प्रमुख, त्रि.वि.वि., तथ्याङ्कशास्त्र विभाग | सदस्य |
| ४. | श्री हिम प्रसाद न्यौपाने* | का.मु. निर्देशक, अनुसन्धान विभाग | सदस्य |
| ५. | श्री गणेशप्रसाद आचार्य | निर्देशक, केन्द्रीय तथ्याङ्क विभाग | सदस्य |
| ६. | श्री उदयबहादुर बोहरा | सहायक निर्देशक, ने.उ.वा. महासंघ | सदस्य |
| ७. | श्री सुशिल पौडेल+ | उप-निर्देशक, अनुसन्धान विभाग | सदस्य-सचिव |

® तत्कालीन डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्ले ।

⊗ तत्कालीन त्रि.वि.वि तथ्याङ्कशास्त्र विभागका प्रमुख प्रा.डा. अजय विक्रम स्थापितको स्थानमा नयाँ विभागीय प्रमुख प्रा.डा. शंकरप्रसाद खनाल ।

* तत्कालीन निर्देशक नीलम तिम्सिना, श्री पिताम्बर भण्डारी, डा.प्रकाशकुमार श्रेष्ठ ।

+ उप-निर्देशक श्री दुर्गेशगोपाल श्रेष्ठ, श्री राजनकृष्ण पन्त ।

## १.२ प्राविधिक उप-समिति

थोक मूल्य सर्वेक्षण कार्यलाई सहजीकरण गर्न, भार सहितको नयाँ वस्तु डालो निर्माण गर्न, बजार केन्द्र तथा थोक मूल्य प्रदायकहरु निर्धारण गर्न लगायतका अन्य प्राविधिक कार्यहरु सम्पन्न गर्नको लागि गठन भएको उप-समितिमा २०७५ असार मसान्तमा निम्नानुसार पदाधिकारीहरु रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. | श्री हिम प्रसाद न्यौपाने* | का.मु. निर्देशक, अनुसन्धान विभाग तथा प्रमुख, दोस्रो थोक मूल्य आयोजना | संयोजक |
| २. | श्री सुशिल पौडेल+ | उप-निर्देशक, अनुसन्धान विभाग, दोस्रो थोक मूल्य आयोजना | सदस्य |
| ३. | श्री प्रभात उप्रेती | उप-प्राध्यापक, त्रि.वि.वि. तथ्याङ्कशास्त्र विभाग | सदस्य |
| ४. | श्री पूर्ण बहादुर घर्तीमगर | तथ्याङ्क अधिकृत, नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग | सदस्य |
| ५. | श्री रमेश प्रसाद पराजुली# | सहायक निर्देशक, अनुसन्धान विभाग, दोस्रो थोक मूल्य आयोजना | सदस्य सचिव |

* तत्कालिन निर्देशक नीलम तिम्सिना, डा.प्रकाशकुमार श्रेष्ठ ।

\+ उप-निर्देशक श्री राजनकृष्ण पन्त ।

\# सहायक निर्देशक श्री मेदनी प्रसाद पोखेल ।

## १.३ आयोजनामा कार्यरत कर्मचारीहरु

आयोजनाको कार्यालय स्थापना भएदेखि २०७५ असार मसान्तसम्म कार्यरत अधिकृतहरु निम्नानुसार रहेका छन् ।

| | | |
|---|---|---|
| १. | निर्देशक श्री नीलम तिम्सिना | अनुसन्धान विभाग, मूल्य महाशाखा |
| २. | निर्देशक श्री पिताम्बर भण्डारी | अनुसन्धान विभाग, मूल्य महाशाखा |
| ३ | निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ | अनुसन्धान विभाग, मूल्य महाशाखा |
| ४. | का.मु. निर्देशक श्री हिम प्रसाद न्यौपाने | अनुसन्धान विभाग, मूल्य महाशाखा |
| ५. | उप-निर्देशक डा. राजनकृष्ण पन्त | अनुसन्धान विभाग, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजना |
| ६. | उप-निर्देशक श्री सुशिल पौडेल | अनुसन्धान विभाग, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजना |
| ७. | सहायक निर्देशक डा. महेशकुमार चौलागाईं | अनुसन्धान विभाग, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजना |
| ८. | सहायक निर्देशक श्री सन्जय मिश्र | अनुसन्धान विभाग, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजना |
| ९. | सहायक निर्देशक श्री मेदनी प्रसाद पोखेल | अनुसन्धान विभाग, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजना |
| १०. | सहायक निर्देशक श्री रमेश प्रसाद पराजुली | अनुसन्धान विभाग, दोस्रो थोक मूल्य सर्वेक्षण आयोजना |

# अनुसूची २ (क)
## कुल कारोबार रकम

**Rs. in million**

| Particulars | Fiscal Year | | | |
|---|---|---|---|---|
| | 2071/72 | 2072/73 | 2073/74 | Average |
| **Agricultural and Fisheries Marketed Surplus** | 519,702 | 544,035 | 578,426 | 547,388 |
| **Mining & Quarrying** | 14,990 | 14,686 | 17,951 | 15,876 |
| **Small Industries** | 62,665 | 59,625 | 70,084 | 64,125 |
| **Large Industries** | 401,014 | 377,386 | 486,058 | 421,486 |
| **Electricity** | 40,100 | 41,428 | 53,950 | 45,159 |
| **Import** | 786,191 | 774,712 | 984,068 | 848,324 |
| **Electricity (Net Import)** | 9,656 | 13,122 | 16,576 | 13,118 |
| **Export (-)** | -85,195 | -70,254 | -74,713 | -76,721 |
| | 1,749,123 | 1,754,742 | 2,132,401 | 1,878,755 |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग र नेपाल राष्ट्र बैंकबाट प्राप्त तथ्याङ्क प्रशोधन गरिएको ।*

# अनुसूची-२ (ख)
## वस्तु डालो र छानिएका वस्तुको भार

| S.N. | Commodities | Weight | S.N. | Commodities | Weight |
|---|---|---|---|---|---|
| 1 | Gahu | 1.64 | 34 | Hariyo Bhatamas | 0.01 |
| 2 | Makai | 1.91 | 35 | Saag | 1.04 |
| 3 | Bhatmas | 0.24 | 36 | Ukhu | 0.43 |
| 4 | Tori | 1.13 | 37 | Surti | 0.01 |
| 5 | Rajma | 0.11 | 38 | Jute | 0.18 |
| 6 | Chana | 0.10 | 39 | Ful Ko Dana/Biruwa | 0.01 |
| 7 | Musuro Dal | 0.72 | 40 | Aangur | 0.04 |
| 8 | Kerau | 0.10 | 41 | Kera | 0.28 |
| 9 | Rahar Dal | 0.05 | 42 | Aap | 0.24 |
| 10 | Maas Dal | 0.09 | 43 | Mewa | 0.03 |
| 11 | Dhan | 2.77 | 44 | Bhui Kathar | 0.03 |
| 12 | Lasun | 0.09 | 45 | Kaaju | 0.18 |
| 13 | Pyaj | 0.27 | 46 | Kagati | 0.05 |
| 14 | Mula | 0.03 | 47 | Suntala | 0.36 |
| 15 | Aalu | 3.04 | 48 | Amba | 0.11 |
| 16 | Cauli | 0.74 | 49 | Syau | 0.28 |
| 17 | Banda | 0.20 | 50 | Anar | 0.10 |
| 18 | Golbheda | 0.99 | 51 | Okhar | 0.15 |
| 19 | Bhanta | 0.14 | 52 | Coffee | 0.00 |
| 20 | Karela | 0.21 | 53 | Kursani Dhulo | 0.19 |
| 21 | Karela | 0.18 | 54 | Alaichi | 0.10 |
| 22 | Ghiraula Pate | 0.16 | 55 | Jira/Dhaniya | 0.08 |
| 23 | Parwar | 0.13 | 56 | Aduwa | 0.38 |
| 24 | Farsi | 0.13 | 57 | Besar | 0.20 |
| 25 | Lauka | 0.15 | 58 | Ranga Ko Maasu | 2.66 |
| 26 | Hariyo Matarkosha | 0.16 | 59 | Dudh Aproshidhit | 3.19 |
| 27 | Hariyo Bodi | 0.23 | 60 | Uun | 0.07 |
| 28 | Mushroom (Chiau) | 0.24 | 61 | Bangoor Ko Maasu | 0.27 |
| 29 | Kakro | 0.24 | 62 | Jiudo Kukhura | 0.61 |
| 30 | Hariyo Simi | 0.27 | 63 | Khukura Ko Anda | 0.44 |
| 31 | Bhede Khursani | 0.04 | 64 | Khasi Ko Maasu | 2.10 |
| 32 | Hariyo Khursani | 0.28 | 65 | Maha | 0.09 |
| 33 | Eskush | 0.06 | 66 | Kaath | 0.22 |

| S.N. | Commodities | Weight |
|---|---|---|
| 67 | Daura | 0.19 |
| 68 | Machha | 0.69 |
| 69 | Koila | 0.62 |
| 70 | Marble | 0.07 |
| 71 | Baluwa | 0.03 |
| 72 | Gitti | 0.81 |
| 73 | Potas | 0.03 |
| 74 | Noon | 0.10 |
| 75 | Bitumen And Asphalt | 0.08 |
| 76 | Khukura Ko Maasu | 0.01 |
| 77 | Badam | 0.08 |
| 78 | Falful Ko Juice | 0.14 |
| 79 | Bhatamas Ko Tel | 0.94 |
| 80 | Suryamukhi Ko Tel | 0.56 |
| 81 | Tori ko Tel | 0.89 |
| 82 | Palm Oil | 0.26 |
| 83 | Peena | 0.36 |
| 84 | Dudh Prasodit | 0.39 |
| 85 | Butter | 0.08 |
| 86 | Cheese | 0.08 |
| 87 | Ice Cream | 0.08 |
| 88 | Gahu Ko Pitho | 0.34 |
| 89 | Chiura | 0.26 |
| 90 | Chamal | 3.11 |
| 91 | Pauroti | 0.34 |
| 92 | Rice Bran | 0.36 |
| 93 | Biscuit | 0.34 |
| 94 | Chini | 0.73 |
| 95 | Sakhhar | 0.03 |
| 96 | Chocolate | 0.33 |
| 97 | Chaw Chaw | 0.40 |
| 98 | Chiyapatti | 0.19 |
| 99 | Marich | 0.04 |
| 100 | Marcha | 0.01 |
| 101 | Bachha Ko Khanekura | 0.55 |

| S.N. | Commodities | Weight |
|---|---|---|
| 105 | Wine | 0.02 |
| 106 | Beer | 0.51 |
| 107 | Bottled Waters | 0.03 |
| 108 | Coke/Pepsi | 0.49 |
| 109 | Energy Drinks | 0.08 |
| 110 | Cigarettes | 1.25 |
| 111 | Resam Ko Dhago | 0.04 |
| 112 | Uun Ko Dhago | 0.01 |
| 113 | Cotton Dhago | 0.01 |
| 114 | Jute Ko Dhago | 0.08 |
| 115 | Yarn Of Man-Made Filaments | 0.11 |
| 116 | Woven Fabrics Of Cotton | 0.14 |
| 117 | Woven Fabrics Of Synthetic Staple Fibres | 0.04 |
| 118 | Ployester Cloth | 0.00 |
| 119 | Woven Fabrics Of Man-Made Staple Fibres | 0.03 |
| 120 | Blankets | 0.03 |
| 121 | Bed Linen/Table Linen | 0.02 |
| 122 | Sacks And Bags (Textile) | 0.04 |
| 123 | Carpets/Quilts/Cushions/Pillows | 0.03 |
| 124 | Jerseys, Pullovers, Cardigans, Waistcoats | 0.12 |
| 125 | Babies Garments And Clothing Accessories | 0.01 |
| 126 | Track Suits, Ski Suits, Swimwear And Other Garments, Of Textile Fabric | 0.01 |
| 127 | Mens Or Boys Suits, Coats, Jackets, Trousers, Shorts | 0.26 |
| 128 | MenS Or Boys Shirts, Singlets, Underpants, Pyjamas, Dressing Gowns | 0.02 |
| 129 | Mojja And Slacks | 0.02 |
| 130 | Luggage, Handbags And The Like | 0.04 |
| 131 | Waterproof Footwear | 0.11 |
| 132 | Footwear Upper Plasitc And Rubber | 0.06 |
| 133 | Footwear Upper Of Leather | 0.07 |
| 134 | Plywood/Board | 0.48 |
| 135 | Vaneer Sheets | 0.37 |
| 136 | Hand-Made Paper And Paperboard | 0.57 |
| 137 | Toilet Or Facial Tissue | 0.01 |
| 138 | Paper And Paperboard | 0.37 |
| 139 | Lubricating Petroleum Oils | 0.03 |

| S.N. | Commodities | Weight | S.N. | Commodities | Weight |
|---|---|---|---|---|---|
| 140 | Lp Gas | 1.03 | 172 | Iron Sheet | 1.28 |
| 141 | Petroleum Jelly (Skin Cream) | 0.14 | 173 | Rods/Bars (Iron) | 4.05 |
| 142 | Petrol | 0.25 | 174 | Wire Of Iron | 0.00 |
| 143 | Kerosene | 0.61 | 175 | Tubes/ Pipes (Steel) | 1.00 |
| 144 | Diesel | 3.61 | 176 | Sliver | 1.14 |
| 145 | Urea | 0.75 | 177 | Gold (Raw) | 1.10 |
| 146 | Dap | 0.56 | 178 | Wire Of Copper | 0.19 |
| 147 | Polymers Of Ethylene | 1.43 | 179 | Bars/ Rods (Aluminium) | 0.17 |
| 148 | Insecticides | 0.25 | 180 | Wire (Aluminium) | 0.08 |
| 149 | Paints/Varnishes | 0.24 | 181 | Foil (Aluminium) | 0.16 |
| 150 | Soap/Detergents | 0.21 | 182 | I Beam/H Beam | 0.11 |
| 151 | Perfume /Toilet Preparations | 1.21 | 183 | Windows/Doors (Alumunium) | 0.28 |
| 152 | Banaspati Gheu | 0.15 | 184 | Structures (Aluminium) | 1.47 |
| 153 | Resinoids | 0.36 | 185 | Gas Cylinder | 0.10 |
| 154 | Provitamins, Vitamins And Antibiotics | 0.08 | 186 | Razors Wire/Razor Blades | 0.14 |
| 155 | Medicaments, For Therapeutic Or Prophylactic Uses | 1.26 | 187 | Files/ Pliers/Hand-Operated Spanners | 0.07 |
| 156 | Other Pharmaceutical Products | 0.20 | 188 | Padlocks / Locks | 0.15 |
| 157 | Tyres | 0.15 | 189 | Gas Chulo | 0.09 |
| 158 | Inner Tubes | 0.17 | 190 | Drums/Boxes (Aluminium) | 0.08 |
| 159 | Pipes /Tubes | 0.65 | 191 | Baltin/Karai | 0.63 |
| 160 | Sacks / Bags (Plastic) | 0.48 | 192 | Springs /Metal Fasteners | 0.02 |
| 161 | Baltin/Bata | 0.48 | 193 | Television | 0.10 |
| 162 | Glasses / Mirrors | 0.15 | 194 | Laptop/Ipad | 0.31 |
| 163 | Cup/ Containers | 0.16 | 195 | Computer (Desktop) | 0.03 |
| 164 | Refractory Blocks/ Tiles | 0.05 | 196 | Keyboard/Mouse | 0.04 |
| 165 | Ceramic Building Bricks/Flooring Blocks | 0.90 | 197 | Printer | 0.05 |
| 166 | Ceramic Tiles | 0.17 | 198 | Motherboard/Ram | 0.05 |
| 167 | Plate/Bowl | 0.10 | 199 | Monitor | 0.06 |
| 168 | Cement Clinkers | 0.94 | 200 | Mobile/Cdma | 1.48 |
| 169 | Cement | 1.80 | 201 | Disk Home/ Sound Or Video Recording / Reproducing Apparatus | 0.23 |
| 170 | Bolcks/Tiles (Cement) | 0.23 | 202 | Meters(Gas,Liquid/Electricity Supply) | 0.11 |
| 171 | Iron Or Steel | 0.24 | 203 | Ups/Power Supply For Computer | 0.06 |

| S.N. | Commodities | Weight |
|---|---|---|
| 204 | Watches | 0.04 |
| 205 | Digital Cameras | 0.08 |
| 206 | Motor/Capacitors | 0.01 |
| 207 | Electric Generator | 0.28 |
| 208 | Transformer | 0.14 |
| 209 | Choke | 0.08 |
| 210 | Switch/Mcb/Cb | 0.17 |
| 211 | Exhaust Fan/Kitchen Chimney | 0.05 |
| 212 | Lead Acid Batteries | 0.35 |
| 213 | Pvc Wire | 0.19 |
| 214 | Coaxial Cable | 0.05 |
| 215 | Tube Lights/Cfl | 0.11 |
| 216 | Refrigerator | 0.22 |
| 217 | Pannel Board/ Distribution Board | 0.07 |
| 218 | Vacuum Cleaners/ Food Mixers/ Shavers/Hair Dryers/ Coffee Makers /Toasters | 0.04 |
| 219 | Heater/Oven/ Microoven/Induction | 0.06 |
| 220 | Water Pump/ Centrifugal/Submersi ble | 0.18 |
| 221 | Pipes/Cocks/Valves/ Tank | 0.12 |
| 222 | Bearing/Ball/Roller | 0.08 |
| 223 | Cranes/Trucks With Crane | 0.07 |
| 224 | Lift | 0.05 |
| 225 | Escaladder | 0.03 |
| 226 | Photocopier | 0.11 |
| 227 | Air Conditioning Machines | 0.11 |
| 228 | Boiler/Cold Store/ Central Refrigeratory System | 0.06 |
| 229 | Oil/Petrol Filter | 0.08 |
| 230 | Sealing/ Capsuling /Labelling Bottles | 0.13 |
| 231 | Weighing Machinery | 0.02 |
| 232 | Cultivator/Harrows/S carifies | 0.06 |
| 233 | Harvestor/Threshor | 0.09 |

| S.N. | Commodities | Weight |
|---|---|---|
| 234 | Agricultural Tractor/Hand Tractor | 0.57 |
| 235 | Front-End Shovel Loader | 0.05 |
| 236 | Dozer/Vibrating Compactor | 0.75 |
| 237 | Dumpers | 0.01 |
| 238 | Crusher/Cement Screening/Sand Washing/ Electric Angle Grinder/Electric Drilling Machine | 0.23 |
| 239 | Rice Mill/Flour Mill | 0.04 |
| 240 | Chowmin Maker/Biscuit Maker | 0.13 |
| 241 | Sewing Machines | 0.01 |
| 242 | Electric Lamps/Gaseous Bulb | 0.18 |
| 243 | Bus | 0.16 |
| 244 | Car | 0.89 |
| 245 | Truck | 0.65 |
| 246 | Suspension Shocks/Gear Box/Brake(Four Wheeler) | 0.86 |
| 247 | Motorcycles/Cycles | 1.16 |
| 248 | Suspension Shocks/Gear Box/Brake (Bike) | 0.08 |
| 249 | Steel Daraj | 0.65 |
| 250 | Office Table/ Chair (Wooden) | 0.36 |
| 251 | Kitchen Table/Chair (Wooden) | 0.18 |
| 252 | Mattress Supports (Khat/Palang) | 0.04 |
| 253 | Toys | 0.04 |
| 254 | Stethescope/Syringe | 0.41 |
| 255 | Syringes/Needles/Cannulae/ Catheters | 0.37 |
| 256 | Medical, Surgical, Dental,Barbers Chairs (Rotating) | 0.03 |
| 257 | Pens/Pencils/Pen-Holders | 0.06 |
| 258 | Brooms/ Brushes | 0.09 |
| 259 | Combs/Hair-Slides /Hairpins | 0.07 |
| 260 | Electricity | 3.10 |
| 261 | Educational Textbooks | 0.12 |
| 262 | Newspapers/Journals / Periodicals | 0.01 |
| | | |

# अनुसूची-३
## थोक मूल्य संकलनका लागि छनौट गरिएका बजार केन्द्रहरू

| S.N. | Market Centre | S.N. | Market Centre |
|---|---|---|---|
| 1 | Ilam | 13 | Dang |
| 2 | Morang | 14 | Bardiya |
| 3 | Sunsari | 15 | Kanchanpur |
| 4 | Jhapa | 16 | Doti |
| 5 | Dhanusha | 17 | Surkhet |
| 6 | Siraha | 18 | Bara |
| 7 | Rupandehi | 19 | Kathmandu |
| 8 | Kaski | 20 | Parsa |
| 9 | Nawalparasi | 21 | Makwanpur |
| 10 | Chitwan | 22 | Lalitpur |
| 11 | Kailali | 23 | Kavre |
| 12 | Banke | 24 | Bhaktapur |

# अनुसूची-३(क)
# Goods and Weight for WPI

| WPI Heading and Sub-Headings | Old (1999/00=100) | | New (2017/18=100) | |
|---|---|---|---|---|
| | Goods | Weight | Goods | Weight |
| **Overall** | **71** | **100.00** | **262** | **100.00** |
| **Primary** | **20** | **39.02** | **75** | **33.59** |
| Food | 15 | 37.11 | 64 | 31.27 |
| Non-food | 5 | 1.91 | 11 | 2.31 |
| **Fuel and Power** | **1** | **5.29** | **7** | **8.76** |
| Fuel | 1 | 5.29 | 6 | 5.66 |
| Electricity | | | 1 | 3.10 |
| **Manufacturing** | **50** | **55.69** | **180** | **57.65** |
| Food, beverage and tobacco | 19 | 24.79 | 36 | 15.16 |
| Textile and textile products | 3 | 2.18 | 19 | 1.01 |
| Leather and related products | 3 | 0.59 | 4 | 0.29 |
| Furniture | | | 6 | 2.07 |
| Paper and paper products | 1 | 0.89 | 5 | 1.08 |
| Other products | 2 | 6.20 | 7 | 1.08 |
| Chemical and pharmaceuticals products | 5 | 7.04 | 11 | 6.55 |
| Rubber and plastics | 4 | 0.49 | 5 | 1.92 |
| Other non-metalic products | 3 | 2.25 | 9 | 4.50 |
| Basic metals and metal products | 3 | 2.13 | 22 | 12.55 |
| Electric and electronic products | 4 | 2.32 | 27 | 4.45 |
| Machinery and equipment | 2 | 4.17 | 23 | 3.17 |
| Motor vehicles and related products | 1 | 2.63 | 6 | 3.80 |

# अनुसूची-४

# List of Countries Calculating WPI

| Low income economies | Lower middle income economies | Upper middle income economies | | High income economies | | |
|---|---|---|---|---|---|---|
| Central African Republic | Armenia | Albania | Panama | Argentina | Hong Kong | Saudi Arabia |
| Ethiopia | ***Bangaladesh**** | Algeria | Paraguay | Australia | Hungary | Singapore |
| ***Nepal**** | Congo, Rep. | Brazil | Peru | Austria | Ireland | Slovak Republic |
| | Egypt | Bulgaria | Romania | Belgium | Israel | Slovenia |
| | El Salvador | Colombia | South Africa | Canada | Italy | Spain |
| | Georgia | Costa Rica | Thailand | Chile | Japan | Sweden |
| | India | Ecuador | Tunisia | Croatia | Korea, Rep. | Switzerland |
| | Indonesia | Iran | Turkey | Cyprus | Kuwait | Trinidad and Tobago |
| | Kyrgyz Republic | Iraq | | Czech Republic | Latvia | United Kingdom |
| | Morocco | Jordan | | Denmark | Lithuania | United States |
| | Pakistan | Kazakhstan | | Estonia | Netherlands | Uruguay |
| | Philippines | Macedonia | | Finland | New Zealand | Venezuela |
| | Senegal | Malaysia | | France | Norway | |
| | Sri Lanka | Mexico | | Germany | Poland | |
| | Syria | Montenegro | | Greece | Portugal | |
| | Ukraine | | | | | |
| | Zambia | | | | | |
| ***Number of countries Calculating WPI*** | | | | | | |
| 3 | 17 | 23 | | 42 | | |

*Source: IMF*

* = Not included in IMF data.